समुन्नत इलाम सम्पन्न इलामेली

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

इलाम

पत्र संख्या: ०८१/८२

चलानी नं: २६९०

कोशी प्रदेश,नेपाल

मिति: २०८२/०२/०७

विषय: **निम्न माध्यमिक तह सामाजिक विषयको** रिक्त पदमा स्थायी शिक्षक सरुवासम्बन्धी सूचना ।

यो जो जससँग सम्बन्धित छ ।

इलाम जिल्ला इलाम नगरपालिका अन्तर्गत श्री **बालमण्डल माध्यमिक विद्यालय**, इलाम – ४, जस्विरेमा रिक्त रहेको **निम्न माध्यमिक तह समाजिक विषयको** शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाई दिन भनी विद्यालयको च.नं. ८७ मिति २०८२/०२/०२ को पत्रबाट अनुरोध भई आएकोले **निम्न माध्यमिक तहको सामाजिक विषयको** लागि योग्यता पुगेका स्थायी शिक्षकहरूले यो सूचना प्रकाशित भएको मितिले **पन्ध्र दिनभित्र** शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा आफू कार्यरत रहेको सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित **सम्बन्धित विद्यालयमा** निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्च:**

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना balmandalsecondaryschool@gmail.com मा समेत निवेदन पेश गर्न सकिनेछ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कार्यवाही हुने छैन ।

२०८२।०२।०७

राधिका घिमिरे

नि. प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**

श्री शिक्षा विकास तथा समन्वय इकाइ, इलाम – ताहाँ कार्यालयको वेभसाइटमा अपलोड गरिदिनु हुन । **नि.प्रमुख प्रशासकीय अधिकृत**

श्री ४ नं वडा कार्यालय, इलाम नगरपालिका, इलाम – कार्यालयको सूचना पाटीमा टाँस गरिदिनु हुन ।

श्री बालमण्डल माध्यमिक विद्यालय, इलाम – ४, जस्विरे – सूचना पाटीमा टाँस गरी विद्यालयको फेसबुक पेजमा अपलोड गर्नुहुन साथै शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ बमोजिम तोकिएको अवधिभित्र सम्बन्धित विद्यालयले गर्ने सम्पूर्ण कार्यहरू सम्पन्न गरी सरुवा सिफारिशका लागि आवश्यक कागजातहरू यस कार्यालयमा पेश गर्नुहुन ।

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन ।